# वराहपोखरी गाउँपालिका

BARAHAPOKHARI RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

बाघखोरभन्ज्याङ, खोटाङ

BAGHKHOR BHANJYANG, KHOTANG

कोशी प्रदेश, नेपाल

KOSHI PROVINCE, NEPAL

प.सं.: २०८०।०८१

च. नं.:

# वराहपोखरी गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८०

## सञ्चालन सम्बन्धी सूचना !!!

**प्रकाशित मिति: २०८०।०६।२६**

चालु शैक्षिक सत्र २०८० मा यस वराहपोखरी गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने १८ वर्षभन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरु बीच आ-आफ्नो समूहमा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८० अन्तर्गत वराहपोखरी गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०।०६।२६ गतेको निर्णयानुसार मिति २०८०।०७।२२ गतेदेखि मिति २०८०।०७।२४ गतेसम्म ३ (तिन) दिन यस गाउँपालिका अन्तर्गत वडा नं.२ मा सञ्चालित श्री ज्यू मा.वि. सुन्तलेको खेलमैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका,२०७० (चौथो संशोधन सहित) को अनुसूची-१ अनुसार फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक मिति २०८०।०७।१७ गते कार्यालय समयभित्र सहभागी खेलाडीहरुको विवरण यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न हुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनामार्फत अनुरोध गरिन्छ ।

**<u>खेलहरु, खेलका नियम तथा खेलाडीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-</u>**

१. सहभागी खेलाडीहरुलाई खाने बस्ने सम्बन्धित विद्यालयले व्यवस्था गर्नु पर्ने छ ।

२. खेलमैदानमा कुनै पनि विवाद आएमा निर्णायक समितिको निर्णय नै अन्तिम निर्णय हुने छ ।

३. खेलहरु राष्ट्रिय नियम अनुसार खेलाइने छ ।

४. **भलिबल:** प्रत्येक टिममा छात्रा छात्र ९/९ जना खेलाडीहरुलाई मात्र सहभगी गराइने छ ।

५. **कबड्डी:** प्रत्येक टिममा छात्रा छात्र ९/९ जना खेलाडीहरुलाई मात्र सहभगी गराइने छ ।

६. **दौड (ट्र्याक):**

   क) प्रत्येक विद्यालयबाट छात्रा/छात्र १/१ जना -२०० मिटर

   ख) प्रत्येक विद्यालयबाट छात्रा/ छात्र १/१ जना -४०० मिटर

   ग) प्रत्येक विद्यालयबाट छात्रा/ छात्र १/१ जना -८०० मिटर

७. **रिले दौड:** प्रत्येक विद्यालयबाट छात्रा/ छात्र २/२ जना -५० मिटर

८. **सटफुट:** प्रत्येक विद्यालयबाट छात्रा/ छात्र १/१ जना (छात्र: १२ पाउण्ड, छात्रा: ८ पाउण्ड)

९. **लङजम्प:** प्रत्येक विद्यालयबाट छात्रा/ छात्र १/१ जना

१०. **हाइजम्प:** प्रत्येक विद्यालयबाट छात्रा छात्र १/१ जना

११. **ज्याभलिङ थ्रो:**प्रत्येक विद्यालयबाट छात्रा छात्र १/१ जना (छात्र: ८०० ग्रा.,छात्रा: ६०० ग्रा.)

१२. सहभागी खेलाडीहरुलाई खेल समयमा चोट पटक लागेमा वा कुनै अप्रिय घटना घटेमा स्वयम विद्यालय नै जिम्मेवारी हुनु पर्नेछ ।

१३. सबै खेल नकाउटको आधारमा खेलाईने छ ।

१४. खेलाडी तथा खेल व्यावस्थापकले खेल अवधिभर धुम्रपान तथा मद्यपान सेवन गरेको पाईएमा खेलाडी तथा टिम कोच उक्त खेलबाट निस्कासन हुने छ ।

१५. सम्बन्धित विद्यालयको सिफारिस पत्रको साथमा खेलाडीहरुको नामावली सहितको सिफारिस पठाउनु पर्नेछ ।

१६. नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषदले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता संचालन निर्देशिका २०७० (चौथो संशोधन) बमोजिम समय सापेक्ष संशोधन गरिएकोले प्रत्येक खेलमा वा इभेन्ट्समा खेलाडीहरुले एक खेल एक खेलाडीले मात्र सहभागी हुन पाउनेछ । एथ्लेटिक्स विधाका खेलाडिले भने २ ट्र्याक एक फिल्ड वा २ फिल्ड एक ट्र्याक सम्म खेल्न पाउने छ ।

१७. खेलमा सहभागी हुन आउदा आफ्नो सहभागीले आफ्नो जन्मदर्ताको प्रमाणपत्र, आधारभूत तहको अन्तिम परीक्षाको प्रमाण पत्र वा SEE परीक्षाको प्रमाण पत्र सक्कलै लिइ आउनु पर्नेछ । यदी सक्कल कागजात नलिई आएमा स्वत: प्रतियोगीतामा सहभागी गराइने छैन ।

१८. प्रतियोगितामा मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्टसमा सहभागी गराउनेछैन । टिम गेमको हकमा पनि सोहि नियम लागु हुनेछ ।

१९. प्रत्येक इभेन्टमा प्रथम स्थानका लागि ३ अंक, द्वितीय स्थानका लागि २ अंक, तृतीय स्थानका लागि १ अंक र खेल बराबरी भएमा दुवै टिमलाई समान १/१ अंक प्रदान गरिनेछ । प्राप्त गरेको जम्मा अंकका आधारमा अन्तिम निर्णय गरिनेछ ।

२०. सहभागीले अनिवार्य रुपमा जर्सी लगाउनुपर्नेछ ।

२१. खेल अवधिभर खेलाडीहरुलाई प्राथमिक उपचारको व्यवस्था आयोजकबाट हुनेछ ।

**<u>पुरस्कार:</u>**

- **प्रथम पुरस्कार:** चाँदीको ट्रफी,शिल्ड,मेडल,प्रमाण पत्र र साथमा नगद रु.३०,०००।-
- **द्वितिय पुरस्कार :** शिल्ड,मेडल, प्रमाण पत्र र साथमा नगद रु. २५,०००।-
- **तृतिय पुरस्कार :** शिल्ड,मेडल, प्रमाण पत्र र साथमा नगद रु. २०,०००।-
- प्रत्येक खेलका इभेन्ट्समा उत्कृष्ट हुने खेलाडीलाई प्रत्येक खेलमा Man of the Match को प्रमाण-पत्रका साथ मेडल प्रदान गरिनेछ ।
- प्रतियोगिता अवधिभरको सर्वोत्कृष्ट छात्रा तथा छात्रलाई मेडल, ट्रफि र प्रमाण पत्र प्रदान गरिनेछ ।

...............................

दिल कुमार अधिकारी

प्रमुख प्रशासकीय अधिकृत